सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

मानननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

## आदेश

०८१-WO-११५५

अधिवक्ता श्रवण कुमार चौधरीसमेत ........................................................................ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौंसमेत ................. विपक्षी

मुद्दाः उत्प्रेषण।

१. यसमा निवेदन पत्रसहितको मिसिल संलग्न कागजात अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री विष्णुभक्त भट्टराई तथा विद्वान अधिवक्ताहरु श्री चिरन्जिवी नेपाल, श्री राजीव बास्तोला, डा. श्री महेन्द्रजंग शाह, श्री त्रिलोक बहादुर चन्द, श्री परिवर्तन राई, श्री तुलसीराम पोखरेल, श्री सरिता राई, श्री सन्तोष भण्डारी, श्री ज्ञानेन्द्रराज आरण, श्री रबिन्द्र तामाङ, श्री पवित्र बल र श्री यमुना थापाले गर्नुभएको बहससमेत सुनियो।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरुको नाममा सूचना म्याद जारी गरी म्याद भित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

३. प्रस्तुत रिट निवेदनमा निवेदकले मुलतः देशभरिका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरु मिति २०८१/१२/२० देखि संघीय शिक्षा ऐन जारी गर्ने लगायतका माग राखी काठमाडौं केन्द्रित सडक आन्दोलन गरिरहेकोमा करिब तीन हप्ता व्यतित हुँदासम्म पनि उक्त आन्दोलन कहिले टुङ्गिने भन्ने ठेगान नभएको र यसबाट देशभरका लाखौं बालबालिका नियमित पठनपाठनबाट वञ्चित हुन पुगेका साथै सोही आन्दोलनका कारण राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने भनेको कक्षा १२ को परीक्षा समेत अन्योलमा परेको र माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ) को नतिजा समेत ढिलो हुन जाने अवस्था सृजना भई आम विद्यार्थीको शिक्षा सम्बन्धी



Scanned with CamScanner

हकमा गम्भीर असर परेकाले विद्यार्थीहरुले समयमै विद्यालयमा पढ्न लेख्न पाउने वातावरण मिलाइदिन उपयुक्त आदेश जारी गरी पाउँ भन्ने माग दाबी लिएको देखिन्छ।

४. निवेदकले अन्तरिम आदेशसमेत जारी गरी पाउँ भनी माग गरेको सन्दर्भमा विचार गर्दा नेपालको संविधानको धारा ३१ ले शिक्षाको हकलाई प्रत्येक नागरिकको मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ। ऐ. धारा ३९ ले बालबालिकाको हक शीर्षक अन्तर्गत निजहरुको शिक्षा, स्वास्थ्य लगायत सर्वाङ्गीण विकासको हकको सुनिश्चितता गरेको र संविधानप्रदत्त उल्लिखित हकलाई व्यवहारमा रुपान्तरण गर्ने उद्देश्यले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका विभिन्न ऐन संसदबाट जारी भएको देखिन्छ।

५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले प्रत्येक नागरिकलाई विना भेदभाव विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन अनुसन्धान गर्ने, परीक्षामा सहभागी हुने र शैक्षिक प्रमाणपत्र प्राप्त गर्नेलगायत कानूनबमोजिमको सर्त तथा मापदण्ड पूरा गरी आफ्नो योग्यता क्षमता तथा रूची अनुसार उच्च शिक्षा प्राप्त गर्ने समेतका अधिकारको सुनिश्चितता दिलाएको देखिन्छ।

६. यस्तै, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ ले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गर्नुका साथै ऐ. दफा १६ ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई काम कारबाही गर्नुपर्ने कानूनी व्यवस्था गरेको देखिन आउँछ। संविधान तथा कानूनप्रदत्त उल्लिखित अधिकार प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकसँग समेत अन्योन्याश्रित रुपमा सम्बन्धित रहेको हुन्छ।

७. यस अतिरिक्त मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights, 1948) को धारा २६ तथा बाल अधिकार महासन्धी (Child Right Convention, 1989) को धारा २८, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Economic, Social and Cultural Rights, 1966, ICESCR) को धारा १३ तथा शिक्षामा हुने भेदभावविरूद्धको युनेस्को अनुबन्ध (UNESCO Convention Against Discrimination in Education, 1960) लगायतका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी



Scanned with CamScanner

दस्ताबेजहरुले पनि शिक्षालाई व्यक्तिको आधारभूत मानव अधिकारको रूपमा परिभाषित गरेको सन्दर्भ स्मरणीय छ।

८. नेपाल उल्लिखित मानव अधिकार सम्बन्धी अभिसन्धीहरुको पक्ष राष्ट्र रहेको देखिन्छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार उल्लिखित दस्तावेजहरुमा भएको व्यवस्था नेपाल कानून सरह लागू हुने भएकाले अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको सन्दर्भमा समेत बालबालिकाले नियमित रुपमा विद्यालय अध्ययन गर्न पाउने वातावरणको सुनिश्चितता दिलाउनु राज्यको दायित्व हुन आउँछ। उल्लिखित संवैधानिक, कानूनी एवम् अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनी व्यवस्थाको आलोकमा नागरिकको शिक्षा सम्बन्धी हकलाई व्यवहारमा कार्यान्वयन गर्नु गराउनु एवम् उक्त हकको कार्यान्वयनमा अवरोध उत्पन्न भएमा सो को तत्काल संबोधन गर्नू विपक्षी निकायहरु तथा स्वयम् आन्दोलनरत शिक्षकको समेत जिम्मेवारी देखिन आउँछ।

९. आजका बालबालिका भोलिका देशका कर्णधार हुन्। वर्तमानमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिएमा मात्र भविष्यमा राष्ट्र र समाजलाई डोऱ्याउन सक्ने प्रतिस्पर्धी र क्षमतावान जनशक्ति उत्पादन हुने हो। यसको पहिलो पूर्वावस्था नियमित पठनपाठन नै हो। नियमित पठनपाठनमार्फत समाजलाई आदर्श र नैतिकताको मार्गदर्शन गर्नुपर्ने गहनतम जिम्मेवारी भएका विद्यालय शिक्षकहरु लामो समयसम्म विद्यालय छाडी आन्दोलन गर्ने वा त्यसरी आन्दोलन गर्नुपर्न अवस्था उत्पन्न गर्नु गराउनुलाई कदापि वाञ्छित परिस्थिति मान्न सकिंदैन। उक्त आन्दोलनबाट प्रथम दृष्टि (prima facie) मा नै सबै बालबालिका, अभिभावक तथा सम्बन्धित् सरोकारवालाहरु समेतको विद्यालयमा नियमित पठनपाठन गर्न गराउन पाउने हकको गम्भीर उल्लंघन भएको र तत्काल अन्तरिम आदेश जारी नगरिएमा यसले निरन्तरता पाइरहने स्थिति देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उप-नियम (२) को खण्ड (क) बमोजिम देहायको अन्तरिम आदेश जारी गरिएको छः-

क) आन्दोलनरत शिक्षकहरुका जायज र संविधानसम्मत मागहरु तत्काल सम्बोधन गर्ने सम्बन्धमा विपक्षी निकायहरुले उचित र आवश्यक निर्णय गरी यो आदेश प्राप्त भएका मितिले ३ दिन भित्र आन्दोलनरत शिक्षकहरु विद्यालयमा फर्की नियमित पठन पाठन गर्ने वातावरण सुनिश्चित गर्नू,



Scanned with CamScanner

देशभरका बालबालिकालाई नियमत रुपमा विद्यालयमा पठनपाठन गर्न पाउने हकबाट वञ्चित नगर्नू नगराउनू।

ख) तत्काल आवश्यक र उपयुक्त प्रवन्ध गरी आन्दोलनरत शिक्षकका कारण माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ) बोर्डको परीक्षाफल समयमा प्रकाशन हुन नसक्ने अवस्थाको सृजना हुन नदिनू।

ग) शिक्षक आन्दोलनका कारण कक्षा १२ को बोर्डको परीक्षा समयमा नभई लाखौं विद्यार्थीको भविष्य अन्योलमा पर्ने जोखिम रहेको देखिंदा उक्त परीक्षा तोकिएको समयमा नै गर्ने, परीक्षा नसार्ने सार्न नलगाउने।

घ) उल्लिखित आदेश कार्यान्वयनको प्रगतिका सम्वन्धमा यो आदेश प्राप्त भएको मितिले चौथो दिन प्रत्यर्थी शिक्षा मन्त्रालयले यस अदालतमा प्रतिवेदन पेश गर्नू र मुद्दा महाशाखा प्रमुखले उक्त प्रतिवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २४ (२) (ख) बमोजिम इजलास समक्ष पेश गर्नू।

ङ) यो आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

न्यायाधीश

ईति सम्वत् २०८२ वैशाख ११ गते रोज ५ शुभम्..................................।



Scanned with CamScanner